# बेरूजू फछ्र्यौट मूल्यांकन र अनुगमन समिति

<u>आर्थिक बर्ष २०७७/७८ को बेरूजू फछ्र्यौट कार्ययोजना</u>

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार "प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहऱ्याईएको कारोबार" लाई बेरूजू भनेर परिभाषित गरिएको छ । तसर्थ, आर्थिक कारोबार गर्दा विधि सम्मत तवरबाट खर्च हुनु अनिवार्य हुन्छ ।

बेरूजू बढ्दै जानु संगठनात्मक प्रभावकारिता र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । आर्थिक क्रियाकलापमा बेरूजू बढ्दै जाँदा सार्वजनिक स्रोत परिचालनमा दक्षताको कमीका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ । बेरूजू न्यूनिकरणको साथै बेरूजू फछ्र्यौटमा तीब्रता ल्याउने प्रयास गरिरहेको छ । बेरूजू फछ्र्यौटको कार्यलाई सार्थक र परिणाममूलक बनाउन आर्थिक बर्ष २०७७/७८ को निमित्त बेरूजू फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा बढी बेरूजू हुन नहुने व्यवस्था सहित लक्ष्य किटान गरिएको छ । तदनुरुप बेरूजू फछ्र्यौटको प्रगति हासिल हुन सके/नसकेको अनुगमन समेत गर्ने उद्देश्यले प्रत्येक निकायका लागि देहायका परिमाणात्मक लक्ष्यहरु पनि निर्धारण गरिएका छन:

१. <u>आर्थिक बर्ष २०७७/७८ मा बेरूजू फछ्र्यौट गर्ने र बेरुजु न्युन राख्नु पर्ने लक्ष्य:</u>

(क) बेरूजू फछ्र्यौट गर्ने र बेरूजू कम गराउने प्रयोजनको लागि संवैधानिक कार्यालय, मन्त्रालय तथा सचिवालयलाई निम्न अनुसार (क), (ख) र (ग) गरी तीन वर्गमा विभाजन गरिएको छ ।

<u>"क" वर्ग:</u>

यस वर्गमा मातहतका निकायमा विभाग/आयोजना वा कार्यालयहरु कायम रही ती निकायको लेखा, स्रेस्ता तथा लेखापरीक्षणको जिम्मेवारी निर्वाह गर्ने लेखा उत्तरदायी अधिकारी रहेको मन्त्रालय/सचिवालय वा निकायहरु पर्नेछन । यस वर्गका निकायमा कायम रहेको बेरूजू रु. ५ अर्ब भन्दा बढी रहेको हुनुपर्ने छ । यी निकायहरुले आ.ब. २०७७/७८ मा न्यूनतम ४५ प्रतिशत बेरूजू फछ्र्यौट गर्नुपर्ने गरी लक्ष्य तोकिएको छ ।

<u>"ख" वर्ग:</u>

यस वर्गमा मातहतका निकायमा विभाग/आयोजना वा कार्यालयहरु कायम रही ती निकायको लेखा, स्रेस्ता तथा लेखापरीक्षणको जिम्मेवारी निर्वाह गर्ने लेखा उत्तरदायी अधिकारी रहेको मन्त्रालय/सचिवालय वा निकायहरु पर्नेछन । यस वर्गका निकायमा

कायम रहेको बेरूजू रु. १ अर्ब भन्दा माथी रु. ५ अर्ब भन्दा मूनी हुनेछ । यी निकायहरुले आ.ब. २०७७/७८ मा न्यूनतम ५० प्रतिशत बेरूजू फछ्र्यौट गर्ने गरी लक्ष्य तोकिएको छ ।

"ग" वर्गः

केन्द्रमा मात्र कार्यालय भएको (मातहत कुनै कार्यालय नभएको) मन्त्रालय/निकायहरु वा सचिवालय "ग" वर्गमा वर्गिकरण गरिएको छ । यी निकायहरुको लेखा, स्रेस्ता तथा लेखापरीक्षण, बेरूजू फछ्र्यौट सम्बन्धित निकायको प्रमुखले गर्नु पर्नेछ । यस वर्गका निकायले आ.ब. २०७७/८७ मा न्यूनतम कायम भएको बेरूजूको ६० प्रतिशत फछ्र्यौट गर्नु पर्ने लक्ष्य तोकिएको छ ।

(ख) संवैधानिक निकाय तथा कार्यालयहरुले शतप्रतिशतनै बेरूजू फछ्र्यौट गरी लेखापरीक्षणबाट बेरूजू शून्य कायम गराउनु पर्ने गरी लक्ष्य निर्धारण गर्ने ।

२. बेरूजू फछ्र्यौटको लागि देहाय अनुसार छुट्टा छुट्टै लक्ष्य निर्धारण गरिएको छः

(क) आर्थिक बर्ष २०५९/६० सम्मको पुरानो बेरूजूको लगत नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९/०६/११ को निर्णयानुसार कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा पठाइ सकिएकोले सो कार्यालयबाट फछ्र्यौटको जानकारी प्राप्त भएपछि फछ्र्यौट रकम प्रगतिमा समावेश गरी प्रगति अधावधिक गरिने छ । उपर्युक्त बेरूजू फछ्र्यौट गर्दा निम्न विषयमा ध्यान पुऱ्याउनु पर्ने छः

- असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारवाही गरी अन्तिम टुङ्गो लगाई फछ्र्यौट गर्ने/गराउने ।
- सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य बिषयमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त अधिकारीबाट बेरूजू फछ्र्यौट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने ।
- चालु आर्थिक बर्ष भित्र आ.ब. २०५९/६० सम्मको बेरूजू अनिवार्य रुपमा शून्य बनाउने ।

३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०६ अनुसार रु. ३ लाख सम्मको बेरूजू सम्बन्धित मन्त्रालयको सचिवले मिनाहा गर्न सक्ने र सो भन्दा माथिको रकम मिनाहाको लागि "मिनाहा समिति" को सिफारिशको निमित्त कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा आवश्यक प्रमाण, कागजात र मन्त्रालयको निर्णय सहित पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

(क) स्रेस्ता प्रमाण फेला नपरेका वा प्रमाण प्राप्त हुन नसके प्रकृतिका बेरूजू आवश्यक कागजात र स्पष्ट कारण सहित सम्बन्धित मन्त्रालयको निर्णय सहित मिनाहा समितिमा निर्णयका लागि पेश गर्ने:

- समय समयमा निश्चित कार्य र अवधिको लागि गठन भएको तर हाल अस्तित्वमा नरहेको आयोग/समितितर्फको अस्तित्व र लेखा स्रेस्ता प्रमाण संकलन गर्ने प्रयास हुदा पनि प्रमाण प्राप्त गर्न नसकिएका बेरूजू ।
- विस्फोट, आगजनी त्यस्तै काण्डमा परी लेखा/स्रेस्ता पेश हुन नसकेको बेरूजू ।
- लेखा वा स्रेस्ता पेश हुन नसकेको, ज्यादै पुरानो बेरूजू सम्बन्धमा पनि हाल पेश गर्न नसकिने भएमा सो को यथेष्ट कारण खोली सिफारिश भई आएका बेरूजू ।

४. <u>बेरूजू फछ्र्यौटको लक्ष्य प्राप्तिका लागि निम्नानुसारका उपाय अवलम्बन गर्ने :</u>

(१) आर्थिक बर्ष २०६०/६१ देखि २०७४/७५ सम्मको बेरूजू ८० प्रतिशत भन्दा माथि फछ्र्यौट गर्न प्रयास गर्ने ।

(२) आर्थिक बर्ष २०७५/७६ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरूजू फछ्र्यौट गर्ने सबुद, प्रमाण प्राप्त हुने हुदाँ यस प्रकारका बेरूजू शून्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ । यस तर्फ सबै निकायले बिशेष ध्यान दिई कार्य सम्पादन गर्ने ।

(३) बैदेशिक सहयोग अन्तरगत संचालित सोधभर्ना प्राप्त हुनु पर्ने योजना संचालन भै बन्द भैसकेको योजना र निकट भविस्यमा बन्द हुने योजनाहरूको सोधभर्ना हुनुपर्ने, एंव रकमान्तर र स्रोतान्तर गर्नुपर्ने रकमको हिसाब शीघ्र मिलाउने व्यवस्था गर्ने ।

(४) गत बर्ष झै यस बर्ष पनि लेखापरीक्षण गराउन र बेरूजू फछ्र्यौटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्बन्धि सबै काम गर्न मन्त्रालयमा कम्तिमा सहसचिव स्तरको कर्मचारीको अध्यक्षतामा अन्तरगतका विभाग तथा समितिहरुको प्रतिनिधि समेत रहने गरी एक "लेखापरीक्षण सहयोग समिति" गठन गर्ने वा भै रहेको समितिलाई क्रियाशील बनाई बार्षिक कार्ययोजना सहित बेरूजू फछ्र्यौट गर्ने र मासिक रुपमा सोको प्रगति समीक्षा गर्ने । समितिको कार्ययोजना र प्रगति समिक्षा बेरूजू फछ्र्यौट मूल्यांकन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

(५) लेखापरीक्षण तथा बेरूजू फछ्र्यौटको लागि विभागीय स्तरमा पनि मातहत कार्यालयको प्रतिनिधि समेत भएको "लेखापरीक्षण सहयोग समिति" बनाउने ।

(६) मन्त्रालय अन्तर्गतका समिति, परिषद्, वोर्ड, अस्पताल आदि तर्फको बेरूजू फछ्र्यौट कार्य अत्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनतम लक्ष्य भन्दा पनि निकै कम मात्र फछ्र्यौट गरेको रेकर्डबाट पाइएकाले त्यस्ता निकायहरुलाई कडाईका

साथ फछ्र्यौट गर्न लगाइ मासिक प्रगति लिने र सन्तोषजनक प्रगति नदेखिएमा सम्बन्धित निकायबाट निकासा समेत रोक्का राखी बेरूजू फछ्र्यौट गराउने ।

(७) बेरूजू फछ्र्यौट गर्ने कार्यलाई विशेष प्राथमिकता दिनु पर्ने भएकोले मन्त्रालय वा सचिवालयका सचिवको अध्यक्षतामा अन्तर्गतका विभागीय प्रमुख, समिति संघ संस्थाका प्रमुख र लेखा प्रमुखहरुको बैठक महिनामा एकपल्ट अनिवार्य रुपमा बसी बेरूजू फछ्र्यौटको समीक्षा गर्ने । सो समिक्षाको एक प्रति बेरूजू फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिमा समेत पठाउनु पर्ने ।

(८) बेरूजू फछ्र्यौटको कार्यलाई तीव्रता प्रदान गर्न मन्त्रालयको प्रकृति अनुसार निम्नानुसार वैठकहरु समय समयमा बोलाई त्यसलाई निरन्तरता दिने ।

(क) मन्त्रालय र विभाग

(ख) वोर्ड र समिति

(ग) संघ संस्था

(९) पेश्की सम्बन्धमा

➢ महालेखा परीक्षकको कार्यालयबाट कायम भएको ठूलो बेरूजू पेश्की बेरूजू देखिएकोले म्याद समाप्त भएको वा कार्य समाप्त भए पछि पेश्की फछ्र्यौट कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाउने ।

➢ पेश्की बेरूजूको विवरण लिदा पेश्कीलाई निम्नानुसार वर्गिकरण गरी विवरण अद्यावधिक गर्ने:

- मोविलाइजेशन पेश्की,
- प्रतितपत्र पेश्की,
- कर्मचारी पेश्की,
- अन्य पेश्की,

(१०) प्रत्येक मन्त्रालय/सचिवालयबाट प्राप्त भएका र प्राप्त हुने बार्षिक प्रगति प्रतिवेदनको आधारमा बेरूजू फछ्र्यौटको एक मुष्ठ प्रगति तयार गरी समितिलाई समेत उपलब्ध गराउने ।

५. आर्थिक बर्ष २०७६/७७ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको बेरूजू शून्य/न्युन राख्नु पर्ने:

(१) "क" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएको अंकको बेरूजू शून्य कायम गर्ने गराउने । बेरूजूको अंक कुल विनियोजनको ४ प्रतिशतमा सिमित राख्ने ।

(२) "ख" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएको अंकको बेरूजु शून्य कायम गर्ने गराउने । बेरूजूको अंक कुल विनियोजनको ३ प्रतिशतमा सिमित राख्ने ।

(३) "ग" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएको अंकको बेरूजू शून्य कायम गर्ने/गराउने । सो हुन नसकिएमा १ प्रतिशत भन्दा बढी कायम हुन नहुने ।

(४) लेखापरीक्षणबाट बेरूजू कायम भई फछ्र्यौट, सम्परीक्षण गराउनु भन्दा बेरूजू नै कायम नहुने गरी आर्थिक कारोबार गर्ने गराउने तर्फ सबै पदाधिकारी जिम्मेवार हुने ।

(५) खर्चमा मितव्ययिता कायम गर्न नेपाल सरकारले जारी गर्ने निर्देशिकाको कार्यान्वयन सहित आर्थिक अनुशासन कायम गर्न सबै मन्त्रालय/सचिवालयहरुले तीन महिना भित्र आन्तरिक नियन्त्रण कार्य निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने र सो निर्देशिकाको प्रति समितिमा समेत उपलब्ध गराउने ।

(६) चालु बर्षको लेखापरीक्षणबाट निर्दिष्ट गरिए बमोजिम शून्य वा कम बेरूजू कायम भई र देहाय बमोजिम बेरूजू फछ्र्यौट गर्ने मन्त्रालय/निकायलाई स-धन्यवाद नगद पुरस्कार प्रदान गरिनेछः

(क) "क" वर्गका निकायहरुः-

- ८० प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ५० प्रतिशत देखि माथि ८० प्रतिशतसम्म - उत्कृष्ट
- ४५ प्रतिशत देखि माथि ५० प्रतिशतसम्म - सामान्य
- ४५ प्रतिशत भन्दा कम - न्यून

(ख) "ख" वर्गका निकायहरुः-

- ८५ प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ५५ प्रतिशत देखि माथि ८५ प्रतिशतसम्म - उत्कृष्ट
- ५० प्रतिशत देखि माथि ५५ प्रतिशतसम्म - सामान्य
- ५० प्रतिशत भन्दा कम - न्यून

(ग) "ग" वर्गका निकायहरुः-

- ९० प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ७० प्रतिशत देखि माथि ९० प्रतिशतसम्म - उत्कृष्ट
- ६० प्रतिशत देखि माथि ७० प्रतिशतसम्म - सामान्य
- ६० प्रतिशत भन्दा कम - न्यून

- बेरूजू फछ्र्यौटको कार्यमा तीव्रता ल्याउन सम्बन्धित मन्त्रालय/निकायले माथी उल्लिखित लक्ष्यका अतिरिक्त थप लक्ष्य निर्धारण गरी फछ्र्यौट गर्न सक्नेछन् ।

(७) बेरूजू फछ्र्यौटको लक्ष्य प्राप्तिमा सर्वोत्कृष्ट हुने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा अन्य केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई पुरस्कार स्वरुप धन्यवाद सहित रु. १५,०००।- (पन्ध्र हजार) प्रदान गरिनेछ । सो काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले नगद पुरस्कार मन्त्रालयको निर्णयमा प्रदान गरिने छ ।

(८) बेरूजू फछ्र्यौटको लक्ष्य प्राप्तिमा उत्कृष्ट हुने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई पुरस्कार स्वरुप धन्यवाद सहित रु. १०,०००।- (दश हजार) प्रदान गरिनेछ । मन्त्रालय र अन्तरगत विभागमा बेरूजू फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढीमा रु. ८,०००।- (आठ हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले मन्त्रालयको निर्णयमा प्रदान गरिने छ ।

(९) सामान्य बेरूजू फछ्र्यौट गर्ने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा निकायहरुका प्रशासकीय प्रमुखको प्रयासको सरंहाना गरिनेछ ।

(१०) न्यून बेरूजू फछ्र्यौट गर्ने तथा दफा ५ बमोजिम शून्य/न्यून बेरूजू कायम नगर्ने/नगराउने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा अन्य निकायका प्रशासकीय प्रमुख, आर्थिक प्रशासन शाखाप्रमुख र सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही सहित कार्यसम्पादन मूल्यांकन गर्दा बेरूजू फछ्र्यौट तथा शून्य/न्यून बेरूजूलाई समेत आधार लिने विषयमा ध्यान दिन सबै मन्त्रालयका सचिवलाई बेरूजू फछ्र्यौट मूल्यांकन र अनुगमन समितिका अध्यक्ष एवं नेपाल सरकारका मुख्यसचिवबाट भएका निर्देशन बमोजिम कारवाही गर्ने ।

(११) पुरस्कार प्रदान गर्दा विभाग वा निकाय मातहत तथा कार्यालय भएमा त्यस्ता निकायमा कार्यरत बढिमा ५ (पाँच) जना, विभागमा कार्यरत ५ जना र मातहत विभाग तथा कार्यालय नभएका मन्त्रालय/निकायमा बढीमा ३ (तीन) जना सम्मलाई मात्र पुरस्कृत गर्नु गराउने व्यवस्था मिलाउने ।

(१२) पुरस्कार प्राप्त गर्न चालु आर्थिक बर्षको लेखापरीक्षणबाट तोकिए बमोजिमको सीमा भित्र बेरूजू अंक कायम गरी लक्ष्य अनुसार अनिवार्य रुपमा बेरूजू फछ्र्यौट भएको हुनु पर्नेछ ।

(१३) बेरूजू शून्य गर्न/गराउन लेखापरीक्षणको समयमा विशेष ध्यान पुर्‍याउने र सो समयमा सम्बन्धित पदाधिकारीको उपस्थितिलाई अनिवार्य गराउने ।

(१४) सम्बन्धित विभागले उपरोक्त अनुसार निर्धारित लक्ष्य पुरा गर्नु पर्दछ । केन्द्रियस्तरका ठूला आयोजनालाई बेरूजू फछ्र्यौट उपरोक्त अनुसार नै लक्ष्य तोकिएकोछ ।

(१५) विश्व विद्यालय, समिति, परिषद, वोर्ड, अस्पताल लगायतलाई पनि बेरूजू फछ्र्यौटका लागि उपरोक्त वमोजिम लक्ष्य कायम गरिएको छ ।

६. <u>जिल्ला स्थित कार्यालय तथा आयोजनाका सम्बन्धमाः</u>

(१) लेखापरीक्षणको समयमा कार्यालय प्रमुख र लेखाप्रमुख अनिवार्य उपस्थित भई लेखा स्रेस्ता सम्बन्धी सबुद प्रमाण यथासमयमै पेश गरी बेरूजू शून्य कायम गर्न अधिकतम प्रयास गर्ने ।

(२) महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण डोर समक्ष विगत बर्षमा कायम भएका बेरूजूको सबुद प्रमाण पत्रसाथ पेश गरी लेखापरीक्षण स्थलमै अधिकतम बेरूजू सम्परीक्षण गराउने ।

(३) शतप्रतिशत बेरूजू फछ्र्यौट गर्ने अधिकतम प्रयास गर्ने र कथंकदाचित प्रयास गर्दा पनि फछ्र्यौट नभएमा न्यूनतम ५० प्रतिशत बेरूजू अनिवार्य रुपमा फछ्र्यौट गर्ने ।

(४) चालु आर्थिक बर्षमा लेखापरीक्षण भएको अंकको शून्य बेरूजू कायम गर्ने/गराउने । तर देहायको प्रतिशत भन्दा बढी बेरूजू नहुने व्यवस्था सम्बन्धित प्रशासकीय प्रमुखले मिलाउने ।

- रु. १ करोड भन्दा बढी बेरूजू हुने कार्यालयको ७० प्रतिशत भन्दा बढि बेरूजू फछ्र्यौट गरी चालु आ.ब. मा लेखापरीक्षण भएको कुल अंकको ४ प्रतिशत भन्दा बढी बेरूजू कायम नगराएमा मात्र बेरूजू फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारी मध्ये बढिमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ५,०००।- (पाँच हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढिलाई पुरस्कृत गर्नु परेमा रु. १५,०००।- (पन्ध्र हजार) को सीमा भित्र रहि दामासाहिले दिन व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने ।
- रु. १ करोड भन्दा कम बेरूजू हुने कार्यालयको ८० प्रतिशत भन्दा बढि बेरूजू फछ्र्यौट गरी चालु आ.ब. मा लेखापरीक्षण भएको कुल अंकको ३ प्रतिशत भन्दा बढी बेरूजू कायम नगराएमा मात्र बेरूजू फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारी मध्ये बढिमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ५,०००।- (पाँच हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढिलाई पुरस्कृत गर्नु परेमा रु. १५,०००।- (पन्ध्र हजार) को सीमा भित्र रहि दामासाहिले दिन व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने ।

➤ लेखापरीक्षण भएको अंकको ४ प्रतिशत भन्दा बढी बेरूजू कायम भएको र ५०% प्रतिशत भन्दा कम बेरूजू फछ्र्यौंट गर्ने सम्बन्धित कार्यालय प्रमुख र लेखाप्रमुख वा सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरी कार्यसम्पादन मूल्यांकन गर्दा बेरूजू फछ्र्यौंटको प्रगतिलाई समेत आधार बनाउने ।

(५) तलब भत्ता र कार्यालय संचालनको लागि मात्र रकम खर्च गरिने कार्यालयको हकमा बेरूजू कायम नभएमा वा बेरूजू फछ्र्यौंट गर्दा कुनै पुरस्कार दिइने छैन ।

(६) राजस्व संकल गर्ने कार्यालयको हकमा राजस्वको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरूजू फछ्र्यौंटको काम गर्ने राजस्व तर्फको कर्मचारी, कार्यालय प्रमुख र लेखाप्रमुख संयुक्त रुपमा जिम्मेबार हुने व्यवस्था मिलाउने ।

७. आर्थिक बर्ष २०७६/७७ को लेखा र स्रेस्ता लेखापरीक्षण हुँदा बेरूजू हुन नदिने कार्य गरी शून्य बेरूजू कायम गराउने कार्यालय प्रमुख र लेखाप्रमुखलाई गत वर्ष कायम भएको बेरूजू अंकको आधारमा निम्न अनुसार थप पुरस्कार उपलब्ध गराइनेछ ।

(क) गत बर्ष सम्म रु. १ अर्ब वा सो भन्दा बढि बेरूजू रहेका तर आ.ब. २०७६/७७ को स्रेस्ता लेखापरीक्षणमा शून्य बेरूजू कायम गराउने मन्त्रालय तथा निकायका कार्यालय प्रमुख र लेखाप्रमुखलाई थप रु. ५,०००।- (पाँच हजार) पुरस्कार प्रदान गर्ने ।

(ख) राजश्व संकलन गर्ने अर्थ मन्त्रालय मातहतका कार्यालयको हकमा लेखा प्रमुखको सट्टा बेरूजू फछ्र्यौंटको जिम्मेवारी बहन गरेका सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई पुरस्कार र कारवाही गर्ने ।

८. बेरूजू फछ्र्यौंटमा पुरस्कृत र कारवाही गर्ने :

(क) आफु मातहत विभाग तथा कार्यालयलाई बेरूजू फछ्र्यौंट सम्बन्धमा कारवाही गर्ने र पुरस्कृत गर्ने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(ख) बारम्बार आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरूजू फछ्र्यौंट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारवाही गर्ने/गराउने र त्यसको जानकारी बेरूजू फछ्र्यौंट मूल्यांकन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

९. प्रत्येक बर्ष सबै मन्त्रालयको बेरूजू, बेरूजू फछ्र्यौंट, पेश्की, असूल, उपर भएको रकम समेतका आधारमा बेरूजू फछ्र्यौंटको प्रयासको समिक्षा सहित समितिबाट पठाइने पत्र प्राप्त भएपछि मात्र पुरस्कार प्रदान गर्नु पर्नेछ ।